23-03-2020 ओम् शान्ति प्रातः मुरली "बापदादा" मधुबन

**" मीठे बच्चे– यो अनादि अविनाशी बनी-बनाऊ ड्रामा हो , यसमा जुन दृश्य बित्यो , त्यो फेरि कल्पपछि मात्र दोहोरिन्छ , त्यसैले स दा निश्चिन्त होऊ।"**

**प्रश्नः–** यो दुनियाँ आफ्नो तमोप्रधान अवस्थामा पुगेको छ, त्यसको निशानी के हो?

**उत्तरः–** दिन-प्रतिदिन उपद्रव भइरहन्छ, कति घमासान भइरहेको छ। चोरहरूले कसरी मार-पिट गरेर लुटेर लैजान्छन्। विना मौसम बर्सात हुन्छ। कति नोक्सान हुन्छ। यी सबै तमोप्रधानताका निशानी हुन्। तमोप्रधान प्रकृतिले दुःख दिइरहेन्छ। तिमी बच्चाहरूले ड्रामाको रहस्यलाई जानेका छौ, त्यसैले भन्छौ नयाँ केही पनि होइन।

**ओम् शान्ति।** अहिले तिमी बच्चाहरूमाथि ज्ञानको वर्षा भइरहेको छ। तिमी हौ संगमयुगी र बाँकी जति पनि मनुष्य छन् ती सबै हुन् कलियुगी। यस समय दुनियाँमा अनेक मत-मतान्तर छन्। तिमी बच्चाहरूको त एक मत छ। भगवानबाट नै एक मत मिल्छ। ती व्यक्तिहरू भक्तिमार्गमा जप-तप-तीर्थ आदि जे गर्छन् उनले सम्झन्छन्– यी सबै भगवानसँग मिल्ने मार्ग हुन्। उनीहरूले भन्छन्– भक्तिपछि नै भगवान मिल्छ। तर उनीहरूलाई भक्ति कहिले सुरु हुन्छ र कहिलेसम्म चल्छ, यो कुरा थाहा छैन। केवल भन्छन्– भक्तिबाट भगवान मिल्छ, त्यसैले अनेक प्रकारका भक्ति गर्दै आएका छन्। यो पनि स्वयं सम्झन्छन्– परम्परादेखि नै हामीले भक्ति गर्दै आएका हौं। एक दिन भगवान अवश्य मिल्छ। कुनै न कुनै रूपमा भगवान मिल्नु हुन्छ। के गर्नुहुन्छ? अवश्य सद्गति गर्नुहुन्छ किनकि उहाँ हुनुहुन्छ नै सर्वका सद्गति दाता। भगवान को हुनुहुन्छ, कहिले आउनु हुन्छ– यो पनि जानेका छैनन्। भिन्न-भिन्न प्रकारले महिमा र गायन गर्छन्। भन्छन्– भगवान पतित-पावन हुनुहुन्छ, ज्ञानका सागर हुनुहुन्छ। ज्ञानबाट सद्गति हुन्छ। यो पनि जानेका छन्– भगवान निराकार हुनुहुन्छ। जसरी हामी आत्मा पनि निराकार हौं, पछि शरीर लिन्छौं। हामी आत्माहरू पनि बाबाको पासमा परमधाममा रहन्छौं। हामी यहाँका निवासी होइनौ। कहाँका निवासी हौं, यो पनि यथार्थ रूपले बताउँदैनन्। कसैले त सम्झन्छन्– हामी स्वर्गमा जान्छौं। अब सीधै त स्वर्गमा कोही पनि जाँदैनन्। कोही फेरि भन्छन्– ज्योति ज्योतमा समाहित हुन्छौं। यो पनि गलत हो। आत्मालाई नै विनाशी बनाइदिन्छन्। मोक्ष पनि हुन सक्दैन। जबकि भन्छन् पनि– बनी-बनाऊ.... यो चक्र घुमिरहन्छ। इतिहास-भूगोल दोहोरिन्छ। तर चक्र कसरी घुम्छ, यो जानेका छैनन्। न चक्रलाई जानेका छन्, न ईश्वरलाई जानेका छन्। भक्तिमार्गमा कति भड्किन्छन्। भगवान को हुनुहुन्छ, यो तिमीले नै बुझेका छौ। भगवानलाई बाबा पनि भन्छन्, बुद्धिमा याद आउनु पर्छ नि। लौकिक पिता त छन् तर पनि हामी उहाँलाई याद गर्छौं। त्यसैले दुई पिता भयो– लौकिक र पारलौकिक। उहाँ पारलौकिक बाबासँग मिल्नको लागि यति धेरै भक्ति गर्छन्। उहाँ परलोकमा रहनुहुन्छ। निराकार दुनियाँ पनि छ अवश्य।

तिमीले राम्ररी बुझेका छौ– मानिसहरूले जति पनि कार्य गर्छन् त्यो सबै हो भक्तिमार्ग। रावण राज्यमा भक्ति हुँदै आएको छ। ज्ञान हुन सक्दैन। भक्तिबाट कहिल्यै सद्गति हुन सक्दैन। सद्गति गर्ने बाबालाई याद गर्छन् भने अवश्य उहाँले कुनै समय आएर सद्गति गर्नुभएको थियो। तिमीलाई थाहा छ– यो बिलकुल तमोप्रधान दुनियाँ हो। सतोप्रधान थियो अहिले तमोप्रधान छ, कति उपद्रव भइरहन्छ। धेरै घमासान भइरहेको छ। चोरले पनि लुटिरहन्छन्। कसरी-कसरी मार-पिट गरेर चोरले पैसा लुटेर लैजान्छन्। यस्ता-यस्ता औषधी पनि छन् जो सुँघाएर बेहोश गरिदिन्छन्। यो हो रावण राज्य। यो धेरै ठूलो बेहदको खेल हो। यसलाई पूरा घुम्न ५ हजार वर्ष लाग्छ। खेल पनि ड्रामा जस्तै छ। नाटक भनिंदैन। नाटकमा त मानौं कोही कलाकार बिमारी भयो भने फेरबदल गर्छन्। यसमा त यो कुरा हुन सक्दैन। यो त अनादि ड्रामा हो नि। मानौं कोही बिमारी भयो भने भनिन्छ यस्तो बिमारी हुने पनि ड्रामामा पार्ट छ। यो अनादि बनी-बनाऊ छ। अरू कसैलाई तिमीले ड्रामा भन्यौ भने त अलमलमा पर्छन्। तिमीलाई थाहा छ– यो बेहदको ड्रामा हो। कल्पपछि पनि यिनै कलाकार हुन्छन्। जसरी अहिले बर्सात आदि पर्छ, कल्पपछि फेरि पनि यस्तै पर्नेछ। यही उपद्रव हुन्छ। तिमी बच्चाहरूलाई थाहा छ– ज्ञानको बर्सात त सबैमा पर्न सक्दैन, तर यो आवाज त सबैको कानसम्म अवश्य जान्छ– ज्ञानसागर भगवान आउनु भएको छ। तिम्रो मुख्य हो योग। ज्ञान पनि तिमीले सुन्छौ, बाँकी बर्सात त सारा दुनियाँमा पर्छ। तिम्रो योगबाट स्थायी शान्ति

हुन्छ। तिमीहरूले सबैलाई सुनाउँछौ– स्वर्गको स्थापना गर्न भगवान आउनु भएको छ, तर यस्ता पनि धेरै छन्, जसले आफूलाई भगवान सम्झन्छन्। तिमीलाई फेरि कसले मान्छन्। त्यसैले बाबाले सम्झाउनु हुन्छ– करोडौंमा कोही निस्किन्छन्। तिमीहरूमा पनि नम्बरवारले नै बुझेका छौ। भगवान बाबा आउनु भएको छ। बाबाबाट त वर्सा लिनुपर्छ नि। कसरी बाबालाई याद गर्न सकिन्छ, त्यो पनि सम्झाइएको छ। आफूलाई आत्मा सम्झ। मनुष्य त देह-अभिमानी बनेका छन्। बाबा भन्नुहुन्छ– म आउँछु नै तब, जब सबै मनुष्य आत्माहरू पतित बन्छन्। तिमी कति तमोप्रधान बनेका छौ। अब म आएको छु तिमीलाई सतोप्रधान बनाउन। कल्प पहिला पनि मैले तिमीलाई यसरी नै सम्झाएको थिएँ। तिमी तमोप्रधानबाट सतोप्रधान कसरी बन्छौ? केवल मलाई याद गर। म आएको छु तिमीलाई आफ्नो र रचनाको परिचय दिन। उहाँ पितालाई त सबैले याद गर्छन् नै रावण राज्यमा। आत्माले आफ्नो पितालाई याद गर्छ। बाबा हुनुहुन्छ नै अशरीरी। बिन्दु हुनुहुन्छ नि। उहाँको नाम राखिएको छ। तिमीहरूलाई भनिन्छ शालिग्राम र बाबालाई भनिन्छ शिव। तिमी बच्चाहरूको नाम शरीरमा पर्छ। बाबा त हुनुहुन्छ नै परम आत्मा। उहाँले शरीर त लिनु पर्दैन। उहाँले यिनमा प्रवेश गर्नु भएको छ। यो ब्रह्माको तन हो, यिनलाई शिव भनिदैन। आत्मा नाम त तिम्रो छँदै छ, फेरि तिमी शरीरमा आउँछौ। उहाँ परम आत्मा हुनुहुन्छ सबै आत्माहरूका पिता। त्यसैले सबैका दुई पिता भए। एक निराकारी, एक साकारी। यिनलाई फेरि अलौकिक अनौठो बाबा भनिन्छ। कति धेरै बच्चाहरू छन्। मनुष्यलाई यो समझमा आउँदैन– प्रजापिता ब्रह्माकुमार-कुमारीहरू यति धेरै छन्, यी के हुन्। कुन प्रकारको यो धर्म हो। बुझ्न सक्दैनन्। तिमीलाई थाहा छ– यी कुमार-कुमारी प्रवृत्ति मार्गको अक्षर हो नि। माता, पिता, कुमारी र कुमार। भक्तिमार्गमा तिमीले याद गर्छौ– तिमी माता-पिता.... अहिले तिमीलाई माता-पिता मिल्नु भएको छ, तिमीलाई गोदमा लिनु भएको छ। सत्ययुगमा गोद लिइदैन। त्यहाँ एडाप्शनको नाम नै हुँदैन। यहाँ फेरि पनि नाम छ। उहाँ हुनुहुन्छ हदका पिता, यहाँ हुनुहुन्छ बेहदका बाबा। बेहदको एडाप्शन हो। यो रहस्य धेरै गहन बुझ्नु पर्ने छ। तिमीहरूले पूरा कसैलाई पनि बुझाउँदैनौ। पहिला सुरुमा कोही भित्र आउँछन् र भन्छन् गुरुको दर्शन गर्न आएका हौं। तिमीले भन– यो कुनै मन्दिर होइन। बोर्डमा हेर्नुहोस् के लेखिएको छ। ब्रह्माकुमार-कुमारीहरू धेरै छन्। यी सबै प्रजापिताका सन्तान हुन्। प्रजा त तपाई पनि हुनुहुन्छ। भगवानले सृष्टि रच्नुहुन्छ, ब्रह्मा मुख कमलद्वारा हामीलाई रच्नु भएको छ। हामी हौं नै नयाँ सृष्टिका, तपाईं हुनुहुन्छ पुरानो सृष्टिको। नयाँ सृष्टिको बनिन्छ नै संगम युगमा। यो हो पुरुषोत्तम बन्ने युग। तिमीहरू संगमयुगमा खडा भएका छौ, तिनीहरू कलियुगमा खडा छन्, मानौं विभाजन भएको छ। आजकल त हेर कति विभाजन छ। हरेकले धर्मकाले सम्झन्छन्– हामी आफ्ना प्रजाहरूलाई सम्हाल्छौं, आफ्नो धर्मलाई, साथीहरूलाई सुखी राख्छौं। त्यसैले हरेकले भन्छन्– हाम्रो राज्यबाट यो चीज बाहिर नजाओस्। पहिला त राजाका सारा प्रजामाथि हुकुम चल्थ्यो। राजालाई माता, पिता, अन्नदाता भन्दथे। अहिले त राजा-रानी कोही छैनन्। बेग्ला-बेग्लै टुक्रा भएका छन्। कति उपद्रव भइरहन्छन्। अचानक बाढी आउँछ, भुकम्प गइरहन्छ, यी सबै हुन् दुःखद् मृत्यु।

अहिले तिमी ब्राह्मणहरूले सम्झन्छौ– हामी सबै आपसमा भाइ-भाइ हौं। त्यसैले हामी धेरै प्यारले आपसमा मिलेर रहनु छ। हामी एक बाबाका सन्तान हौं, त्यसैले आपसमा धेरै प्यार हुनुपर्छ। राम राज्यमा बाघ र बाख्रा जो एकदम पक्का दुस्मन हुन् ती पनिसँग-सँगै पानी पिउँथे। यहाँ त हेर घर-घरमा कति झगडा छ। राष्ट्र-राष्ट्रको झगडाले आपसमा नै फुट पर्छ। अनेक मतहरू छन्। अब तिमीलाई थाहा छ– हामीले अनेकौं पटक बाबाबाट वर्सा लिएका हौं र फेरि गुमाएका हौं अर्थात् रावणमाथि विजय पाउँछौं र फेरि हार्छौं। एक बाबाको श्रीमतबाट हामी विश्वको मालिक बन्छौं, त्यसैले उहाँलाई उच्च भन्दा उच्च भगवान भनिन्छ। सर्वका दुःख-हर्ता, सुख-कर्ता भनिन्छ। अहिले तिमीलाई सुखको मार्ग बताइरहनु भएको छ। तिमी बच्चाहरू आपसमा मिलेर रहनु पर्छ। दुनियाँमा आपसमा मतभेद छ। एक अर्कालाई मार्न पनि पछि पर्दैनन्। तिमी ईश्वरीय सन्तान त क्षीरखण्ड हुनुपर्छ। तिमी ईश्वरीय सन्तान देवताहरू भन्दा पनि उच्च भयौं। तिमी बाबाका कति मदतगार बन्छौ। पुरुषोत्तम बनाउने मदतगार हौ, त्यसैले यो मनमा आउनु पर्छ– हामी पुरुषोत्तम हौं, के मभित्र त्यो दैवी गुण छ? आसुरी गुण छ भने ऊ फेरि बाबाको बच्चा कहलाउन सक्दैन। त्यसैले भनिन्छ सद्गुरुका निन्दकले स्थान पाउँदैनन्। ती कलियुगी गुरुहरूले फेरि आफूलाई भनेर मनुष्यहरूलाई डर देखाउँछन्। बाबा बच्चाहरूलाई सम्झाउनु हुन्छ– सपूत बच्चाहरू ती हुन् जो बाबाको नाम प्रसिद्ध गर्छन्, क्षीरखण्ड भएर रहन्छन्। बाबा सधैं भन्नुहुन्छ क्षीरखण्ड बन। मतभेदमा आएर आपसमा लडाईं झगडा नगर। तिमीहरू यहाँ क्षीरखण्ड बन्नु छ। आपसमा धेरै प्रेम हुनुपर्छ किनकि तिमी ईश्वरीय सन्तान हौ नि। ईश्वर अति प्यारा हुनुहुन्छ तब त उहाँलाई सबैले याद गर्छन्। त्यसैले

तिम्रो आपसमा धेरै प्रेम हुनुपर्छ। नत्र बाबाको इज्जत गुमाउँछौ। ईश्वरका बच्चाहरू आपसमा मतभेद कसरी हुन् सक्छन्, फेरि पद कसरी पाउन सक्छन्? बाबा सम्झाउनु हुन्छ– आपसमा क्षीरखण्ड भएर बस। लून-पानी भयौ भने केही पनि धारणा हुँदैन। यदि बाबाको निर्देशनमा चल्दैनौ भने फेरि उच्च पद कसरी पाउँछौ? देह-अभिमानमा आउनाले नै फेरि आपसमा लड्छन्। देही-अभिमानी भएमा केही पनि खिटपिट हुँदैन। ईश्वर बाबा मिलेको छ त्यसैले फेरि दैवी गुण पनि धारण गर्नु छ। आत्मा, बाबा जस्तो बन्नुपर्छ। जसरी बाबामा पवित्रता, सुख, प्रेम आदि सबै छन्, तिमीहरू पनि बन्नुपर्छ। नत्र उच्च पद पाउन सक्दैनौ। पढेर बाबाबाट उच्च वर्सा प्राप्त गर्नु छ, धेरैको जसले कल्याण गर्छ, उही राजा-रानी बन्न सक्छ। बाँकी गएर दास-दासी बन्छन्। बुझ्न त सक्छौ नि– को-को के बन्छन्? पढ्नेवाला स्वयं पनि बुझ्न सक्छ– यस हिसाबबाट मैले बाबाको नाम कति प्रख्यात गर्न सक्छु? ईश्वरका बच्चाहरू त मोस्ट लवली हुनुपर्छ। जो कसैले पनि देखेर खुशी होऊन्। बाबालाई पनि उनै प्रिय लाग्छ। पहिला घरलाई त सुधार। पहिला घरलाई फेरि परलाई सुधार्नु छ। गृहस्थ व्यवहारमा कमल फूल समान पवित्र र क्षीरखण्ड भएर बस। कसैले पनि देख्यो भने भनून्– ओहो! यहाँ त स्वर्ग छ। अज्ञान कालमा पनि बाबाले स्वयं यस्ता घर देखेका छन्। ६-७ बच्चाहरू विवाह गरेर पनि सबै सँग-सँगै रहन्छन्। सबै बिहानै उठेर भक्ति गर्छन्। घरमा एकदम शान्ति रहेको हुन्छ। यो त तिम्रो ईश्वरीय कुटुम्ब हो। हंस र बकुल्ला सँग-सँगै रहन सक्दैनन्। तिमी त हंस बन्नु छ। मतभेद भयो भने बाबा खुशी हुनु हुन्न। बाबा भन्नुहुन्छ– तिमीले कति नाम बदनाम गर्छौ। यदि मिलेर रहेनौ भने स्वर्गमा उच्च पद पाउन सक्दैनौ, धेरै सजाय खान्छौ। बाबाका बनेर फेरि यदि मतभेद भएर रहन्छौ भने सय गुणा सजाय खान्छौ। फेरि तिमीलाई साक्षात्कार पनि भइरहन्छ मैले के पद पाउने छु? अच्छा!

मीठे-मीठे सिकीलधे बच्चाहरूप्रति माता-पिता बापदादाको याद-प्यार एवं गुडमर्निङ्ग। रूहानी बाबाको रूहानी बच्चाहरूलाई नमस्ते। रूहानी बच्चाहरूको रूहानी बाबालाई गुडमर्निङ्ग, नमस्ते।

**धारणाको लागि मुख्य सारः–**

१) सधैं ध्यानमा रहोस्– हामी ईश्वरका सन्तान हौं, हामी प्रेमसँग रहनु पर्छ। आपसमा कहिल्यै पनि मतभेदमा आउनु हुँदैन। पहिला आफूलाई सुधार्नु छ, फेरि अरूलाई सुधार्ने शिक्षा दिनु छ।

२) जसरी बाबामा पवित्रता, सुख, प्रेम आदि सबै गुण छन् त्यस्तै बाबा समान बन्नु छ। यस्तो कुनै कर्म गर्नु हुँदैन, जसले सद्गुरुको निन्दक बनियोस्। आफ्नो चालचलनबाट बाबाको नाम प्रसिद्ध गर्नु छ।

**वरदानः–** लाइन क्लियरको आधारमा नम्बरवनमा पास हुने एवररेडी भव

सदा एवररेडी– यो ब्राहमण जीवनको विशेषता हो। आफ्नो बुद्धिको लाइन यस्तो क्लियर होस्, जसले गर्दा बाबाको कुनै पनि इसारा मिल्दा एवररेडी। त्यस समयमा केही पनि सोच्ने आवश्यकता नरहोस्। अचानक एउटै प्रश्न आउने छ– अर्डर हुन्छ, यहाँ नै बस, यहाँ आइपुग, त्यतिबेला कुनै पनि कुरा या सम्बन्ध याद नआओस् तब नम्बरवनमा पास हुन सक्छौ। तर यो सबै अचानकको पेपर हुने छ, त्यसैले एवररेडी बन।

**स्लोगनः–** मनलाई शक्तिशाली बनाउनको लागि आत्मालाई ईश्वरीय स्मृति र शक्तिको भोजन देऊ।